आज मिति २०७५ साल कार्तिक १९ गते सोमबारका दिन दिनको २.०० बजे देखि बर्दिबास नगरपालिकाका नगर प्रमुख श्री विदुर कुमार कार्की ज्यूको अध्यक्षतामा बर्दिबास नगरपालिका नगरकार्यपालिकाको बैठक तपशील बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा आरम्भ गरियो ।

**निर्णयहरु**

निर्णय नं.१ प्रस्ताव नं.१ माथि छलफल गर्दा अपाङ्गता परिचय पत्र वितरण कार्य विधि २०७५ पारित गरियो ।

निर्णय नं.२ प्रस्ताव नं.२ माथि छलफल गर्दा सहकारी नियमावली २०७५ विस्तृत छलफलको लागि अर्को बैठकमा पेश गर्ने भनी निर्णय गरियो ।

निर्णय नं.३ प्रस्ताव नं.३ माथि छलफल गर्दा बयलबास डिप बोरीङ्ग टेण्डर गत आ.व.मा स्वीकृत गरिएको रकम अपुग भई स्थानीय उपभोक्ताहरुबाट थप रकम माग भई आएकोमा मूल्यांकित रकम भुक्तानी दिन नगर कार्यपालिकाको कार्यालयलाई अधिकार दिने निर्णय गरियो ।

निर्णय नं.४ प्रस्ताव नं.४ माथि छलफल गर्दा निर्मल लामा बहु प्राविधिक शिक्षालय संचालनका लागि ब.न.पा. वडा नं.११ म स्थित सरस्वती आधारभूत विद्यालय मर्मत सम्भार गर्नुपर्ने भएकाले उक्त कार्यको भुक्तानीको लागि नगरकार्यपालिकाको कार्यालयलाई अधिकार दिने निर्णय गरियो ।

निर्णय नं.५ 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धमा रित पूर्वक पर्न आएका निवेदनहरुमध्ये सबै प्रक्रिया पूरा गरी सकेका व्यवसायीहरुको दर्ता प्रमाण पत्र उपलब्ध गराउने अधिकार प्रमुख प्रशासकिय अधिकृतलाई दिने भनी निर्णय गरियो ।

निर्णय नं.६ प्रस्ताव नं.६ माथि छलफल गर्दा नगरबाट निकासी हुने गिट्टी, बालुवा, ढुङ्गा, माटोको निकासी कर वापत प्रति घन.फिट रु. ३ तीनका दरले कर लिने निर्णय गरियो ।

निर्णय नं.७ प्रस्ताव नं.७ माथि छलफल गर्दा मिति २०७५/४/१४ गतेको कार्यपालिकाबाट सामुदायिक विकास तथा पैरवी मञ्चलाई ब.न.पा.३ गौरीडाँडामा जग्गा उपलब्ध गराउने निर्णय निष्कृय गर्ने र सो निर्णय कार्यान्वयन नगर्ने निर्णय गरियो ।

निर्णय नं.८ प्रस्ताव नं.८ माथि छलफल गर्दा आ.व. २०७४/०७५ को प्रगति विवरण र २०७५/०७६ को पहिलो चौमासिक कार्यप्रगति सम्बन्धमा कार्यपालिकाको बैठकमा छलफल भयो ।

निर्णय नं.९ मित्रता आवासीय विद्यालय बर्दिबास १० मा शौचालय निर्माणका लागि save the children को सहयोग प्राप्त भएको हुँदा सहभागिता बापतको कूल लागतको १५% ले हुन आउने रकम न.पा.बाट व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं.१० यातायात व्यवस्था कार्यालय बर्दिबासमा सेवाग्राहीलाई बस्नको लागि यात्रु प्रतिक्षालय निर्माणमा लागत अनुमान अनुसारको रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.११ नगरपालिका क्षेत्रभित्र मापदण्ड नपु-याई संचालनमा रहेका क्रसर उद्योगहरुलाई स्थानान्तरण गर्न नगरपालिकाले कार्य अघि बढाउने र साथै नेपाल सरकारको प्रचलित कानुन तथा स्थानीय सरकारको निर्णय विपरित नगरपालिका क्षेत्रभित्र खोलानालाहरुमा उत्खनन गरिएको भेटिएमा निम्न बमोजिम क्षतिको प्रकृति हेरी थप जरिवाना गर्ने निर्णय गरियो ।

**<u>निम्न</u>**

१) हेभी इक्विपमेन्ट - रु.६०,०००।- साठी हजार

२) जे.सि.भि. - रु.४०,०००।- चालिस हजार

३) ट्रिफर - रु.२५,०००।- पच्चिस हजार

४) ट्र्याक्टर - रु.१५,०००।- पन्ध्र हजार